Nepal Education and Cultural Center (NECC)
(Pashupati-Buddha Mandir)
20520 Beallsville Rd, Beallsville, MD 20839
Pandit: Shridhar Gyawali, Phone: (240)486-0937
Established: September 30, 2000
(A Tax-Exempt Organization of Metropolitan Washington, D.C. Area)

***NECC BULLETIN*** YEAR-1 ISSUE-4 April 2015

# शुभकामना नयां वर्षको

नेपाली नयाँ बर्ष २०७२ को सुखद उपलक्ष्यमा सम्पुर्ण दाजु भाइ तथा दिदी बहिनीहरुमा नेपाल शिक्षा तथा संस्कृति केन्द्र(एनइसीसी)को तर्फबाट सुख शान्ति तथा सम्मृद्धिको हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्न चाहान्छु ।

नयाँ बर्षको यो पुनित अवसरमा केन्द्रले विगतमा गरेका उपलब्धी र आगामी दिनहरुमा गर्ने योजनाहरुका बारेमा छोटो चर्चा गर्नु सान्धर्भिक ठान्दछु ।




लामो समयको अन्तराल पछि पुनर्गठित केन्द्रको कार्य समितिले भरखरै छ महिना पुरा गरेको छ । यस अवधिमा भएका कार्यहरुको सन्दर्भ कोट्याउन चाहान्छु ।

नयाँ कार्य समिति गठन भएको दुई हप्तामा नै चौसी भैलो कार्यक्रमको आयोजना केन्द्रले गर्‍यो । यसबाट १० हजार डलरभन्दा बढी सहयोग रकम संकलन भयो । साथै यसबाट नेपाली संस्कृतिको जगेर्नामा केन्द्रको योगदान पनि देखियो । नयाँ कार्य समितिको पहिलो बैठकले डलर अ डे अर्थात एक जनाले एक दिनमा एक डलर मन्दिरको नाममा चडाउने । उक्त रकम एनइसीसीको खातामा जम्मा गर्ने कार्यक्रमको अवधारणालाई सर्व सम्मतले स्वीकृत गरियो । एक बर्षमा एक सय पचास परिवारलाई यस कार्यक्रममा सहभागी गराउने लक्ष्य लिइएकोमा हालसम्ममै ८६ परिवार सम्लग्न भइसक्नुभएको छ । यसै गरी ३० जना ठूला चन्दादाता(ट्रष्टी)हरु मध्येबाट ११ सदस्यीय बोर्ड अफ ट्रष्टिको गठन पनि गरियो । यस पछि मात्र केन्द्रले पूर्णता पायो । एक बर्षभित्र १५ परिवारलाई ट्रष्टि बनाउने लक्ष्य राखिएकोमा हालसम्ममा ६ परिवार ट्रष्टि भइसक्नु भएको छ ।

प्रत्येक महिनाको पहिलो आइतवार पुजा तथा भजन कृतनको शुभारम्भ गरिएको छ । यसबाट पशुपति तथा बुद्ध मन्दिरको प्राण भरिएको छ । यसै गरी प्रत्येक महिनाको दोश्रो आइतवार प्रकाशित हुने एनइसीसी बुलेटिनले नेपाली समाज र केन्द्र बीचको दुरी घटाउदै लगेको तथ्य हाम्रो सामु छ ।

केन्द्रले हालै आयोजना गरेको शान्ति तथा सम्मृद्धि यज्ञमा उर्लेको विशाल जनसहभागिता र उठेको ५० हजार डलर सहयोग रकमले अब मन्दिर बन्छ भन्ने कुरामा कुनै व्दीविधा रहेन । बर्षको एक लाख डलर सहयोग रकम संकलन गर्ने लक्ष्य लिएको केन्द्रले छ महिनाको अवधिमा ७० हजार डलर सहयोग रकम संकलन गरी सकेको छ । केन्द्रले गरेको यो ज्यादै महत्वपूर्ण र सकारात्मक पाटो मान्नु पर्दछ ।

यसै गरी नेपालबाट ४५० थान पुस्तक झिकाएर एउटा पुस्तकालय संचालनमा ल्याइएको छ । त्यस्तै केन्द्रले आफ्नो बार्षिक मुखपत्र नमस्ते प्रकाशित गरी केन्द्रव्दारा गरिएका बर्ष भरिका गतिविधिहरु जन समुदायमा पुर्याउने निर्णय भए बमोजिम प्रकाशनको अन्तिम तयारी धमाधम भइरहेको छ ।



अब आगामी छ महिनाको अवधिमा गर्ने कामका सन्दर्भमा छोटो आँकलन गर्न चाहान्छु ।

सामुदायिक भवन : केन्द्रले समुदायको आबश्यकता र चाहानालाई ध्यानमा राखेर आफ्नो परिसरमा एक सामुदायिक भवनको निर्माणतर्फ कामको थालनी भएको छ । सो का लागि हाल भएको हललाई सुविधाहरु थप गरी पुननिर्माण गर्ने सुझाव आए अनुरुप काउन्टीबाट अनुमतिका लागि आबश्यक प्रक्रिया शुरु भएको छ । हालको गराजलाई भान्छाघर बनाउने र यसलाई सामुदायिक भवनसँग जोड्ने योजना रहेको छ । यसरी जोडिन आउने बाटोमा महिला र पुरुषका अलग अलग सौचालय र एउटा भण्डार कोठा समेत निर्माण गरिने भएको छ

यसैगरी ७५ थान कारका लागि पार्किङको व्यबस्था मिलाउन प्रयत्न थालिएको छ । समग्रमा नेपाली समाजमा केन्द्रका गतिविधिहरु बढाउदै लैजान र सहयोग रकम संकलनलाई व्यापक बनाउने केन्द्रको योजना रहेको छ ।

नयाँ जोश जाँगर उमङ्ग र उत्साहले भरिपूर्ण २१ जनाको एउटा टोली बनेको छ । यो टोलीको टीम वर्कको कारणले गर्दा एनइसीसीलाई नयाँ उर्जा मिलेको छ । फलस्वरुप आज एनइसीसी मानिसहरुको आकर्षणको केन्द्र अर्थात नेपाली मन र मुटुहरुको साझा धरोहर बन्दै गइरहेको तथ्य सर्बत्र महसुस गर्न थालिएको छ । साथै एनइसीसीको यो टीम माथि ठूलो आशा र भरोशा पनि बृहत वासिङटन डिसी क्षेत्रको नेपाली समुदायले गर्न थालेको छ ।

अन्त्यमा **NECC** लाई तन, मन र धन दिएर सहयोग पुऱ्याउने सम्पूर्ण सूभेच्छुक प्रति धन्यवाद टक्याउन चाहान्छु । आगामी दिनहरुमा यस्तै सहयोग को आशा पनि लिएको छ । श्री पशुपतिनाथ ले हामी सबैको कल्याण गरुन । धन्यवाद

**खिलेन्द्रमणी न्यौपाने**
**अध्यक्ष**
**नेपाल शिक्षा तथा सांस्कृतिक केन्द्र**
**ग्रेटर वासिङ्टन डि.सी.**

Nepal Education and Cultural Center (NECC)
(Pashupati-Buddha Mandir)
20520 Beallsville Rd. Beallsville, MD 20839
Pandit: Shridhar Gyawali, Phone: (240)486-0937
Established: September 30, 2000
(A Tax-Exempt Organization of Metropolitan Washington, D.C. Area)

**NECC BULLETIN** YEAR-1 ISSUE-4 April 2015

# केन्द्रको लागि उत्साहजनक महिना मार्च

नेपाल शिक्षा तथा सांस्कृतिक केन्द्र (एनइसीसी) को कार्यसमितिले मार्च महिनाको मासिक समीक्षा गर्दै यसलाई उत्साहजनक महिनाको रुपमा चित्रण गरेको छ । खिलेन्द्रमणी न्यौपानेको अध्यक्षतामा सम्पन्न बैठकमा आर्थिक हिसाब किताब गरियो र बुद्ध जयन्ती भव्यताका साथ मनाउने निर्णय गरियो । बैठकमा कृष्ण/रिता निरौला, प्रेम संग्रौला, पण्डित श्रीधर ज्ञावली, नेत्र घिसिङ, लक्ष्मण प्रधान, रामचन्द्र



भट्टराई, मधु/यशोदा भण्डारी, आनन्दु लामा, ध्रुव गिरी, विष्णु शीतल, उमेश निरौला, प्रमोद उपाध्याय, कृष्ण/सरोज प्रजापति, पवन खनाल, शशी उपाध्याय, जनक अधिकारी, भगवान श्रेष्ठ, गोपाल रायमाझी, ए नेपाल, प्रवीण ताम्राकार, प्रसन्न संग्रौला, परशुराम भण्डारी, परशुराम तिमिल्सीना, कविन्द्र सिटौला र प्रविसा भण्डारीको उपस्थिति थियो । प्रविसा भण्डारी ले विशेष स्वम्सेवक रुपमा दिनभर पुस्तकालयमा काम गर्नुभएको थियो ।

डा. श्याम काकी, मञ्जु संग्रौला, प्रदीप ढकाल, चेतनाथ भण्डारी सुशील न्यौपाने र राजन अधिकारीले उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको थियो ।

बैठकले मार्च महिनामा सम्पन्न शान्ति यज्ञका लागि प्रेम संग्रौला र लोकनाथ तिवारी लाई धन्यवाद ज्ञापन गरेको थियो ।

दिनको १ डलर दान संकलन गर्ने एनइसीसीको सफल कार्यक्रमका लागि नियुक्त डाइरेक्टर प्रसन्न संग्रौलालाई बैठकले स्वागत गरेको थियो । डलर अफ डे कार्यक्रमको सम्पूर्ण रेकर्ड राख्ने

क्रमश: अर्को पेजमा

# संस्कार संरक्षणको प्रतिबद्धता

नेपाल शिक्षा तथा सांस्कृतिक केन्द्र (एनइसीसी) को लागि मार्च महिना निकै उत्साहजनक रह्यो । हामी चाहान्छौं एनइसीसी सम्पूर्ण नेपाली आप्रवासीको साझा संस्था बनोस् । एनइसीसीसंग भएको ७५ रोपनी (करिब) जमिन पनि ५० वटै राज्यमा बसोबास गर्ने नेपाली भाषीहरुको साझा केन्द्र बनोस् । यहां पशुपति बुद्ध मन्दिर लगायत नेपाल चिनाउने संरचनाहरुको निर्माण गर्न सकियोस् । नेपाल जाने अमेरिकी पर्यटक कुटनीतिक व्यक्तित्व, नेपाली नयां पुस्ता अन्य अन्वेषक जोसुकैका लागि एनइसीसी श्रोत केन्द्र बन्न सकोस् ।

एनइसीसी धार्मिक-सांस्कृतिक अनुसन्धान केन्द्र बन्न सकोस् । हिन्दु, बौद्ध धर्म सम्बन्धी अन्वेषण गर्न पर्याप्त श्रोत साधन जुट्न सकोस् । यो तीर्थ बनोस्, कैलाश, स्वर्गद्धारी मुक्तिनाथ बनोस् । लुम्बिनी वा गोसाइकुण्ड बनोस् । पाथिभरा वा कालिञ्चोक बनोस् । जीवनमा एकपटक पुग्नै पर्ने ठाउं बनोस् । मात्र हिन्दु वा बुद्धिष्ट मात्र हैन इशाइ वा इस्लामहरुले पनि अनुसन्धानका लागि कुरान वा बाइबल पाउन । शिखहरुले गुरुद्धार पुगेको महशुस गरुन् । तर नेपाली शिख, इसाइ वा इश्लाम भएर जानुपर्छ । किनकी त्यो नेपाल केन्द्र हुनेछ । त्यहां केही सीमाहरु हुनेछन्, जसको उल्लघंन गर्न पाइनेछैन ।

एनइसीसी गैरनाफामूलक सामाजिक संस्था हो यसको उदेश्य आर्थिक पारदर्शिता तथा अनुसासनका नियमहरुको आधारमा संस्था सञ्चालन गर्नु र बढी भन्दा बढी सदस्यहरुको परिचालन गरेर समुदायको सेवा पुर्‍याउनु नै हो । यो संस्था यतिबेला उदीयमान अवस्थामा छ सबैमा यसप्रति आकर्षण बढ्दै छ । एकपछि अर्को गर्दै भौतिक, नैतिक, एवम् भावनात्मक समर्थन गर्न प्रतिष्पर्धात्मक ढंगले आउनुभएको छ । चाहे ५ हजार दान गरेर संस्थाको ट्रष्टि बन्ने, दिनको १ डलर दान गरेर सहयोग गर्ने, आफुसंग भएको भौतिक साधन कार, कम्प्युटर, स्क्रिन, फर्निचर लगायत दान गरेर सहयोग गर्ने, मन्दिर परिसरमा भएका निर्माण कार्यमा श्रमदान गरेर, त्यहां भएका कार्यहरुको अभिलेख राख्न वा प्रचार प्रसार गरेर सुसूचित गर्ने काम गरेर संस्थालाई स्वत:स्फुर्त रुपमा सहयोग पुर्‍याउन आउनेहरुको तांती नै लागेको देखिएको छ ।

गत महिना हामीले पहिलो पटक डिसी महानगर क्षेत्रमा शान्ति महायज्ञ गर्‍यौं। जुन अत्यन्त उत्साहजनक सहभागीताका साथ सम्पन्न भयो । महायज्ञमा सहभागीहरुले ५० औं हजार नगद दान गरेर हाम्रो अभियानलाई उत्साह थप्नु भएको थियो । यो उत्साह थपिने क्रम जारी छ । हामी प्रफुल्लित छौं । यस उत्साहबाट थपिएको जांगरले हामी हाम्रो लक्ष्य पूरा गर्न प्रतिबद्ध छौं । हामी लाई हाम्रो दोश्रो पुस्ताप्रतिको जिम्मेवारीले घचघच्याइरहन्छ । हामी चाहान्छौं उनीहरुले नेपाल नबिर्सिउन । हाम्रो पुर्खौली थलो र त्यहांको संस्कार अनि संस्कृति नभुलुन । हामी आफु पनि जीवन पर्यन्त आफ्नो संस्कारबाट विमुख हुन नपरोस् भन्ने चाहान्छौं । यतिबेला मात्र हैन, प्रवासमा घरबार गरेका हामीलाई यो बिरानो ठाउंमा आफ्नो पहिचान पनि स्थापित गर्नु छ । यसका लागि संस्कृति नै हाम्रो पहिचान हो । यसको संरक्षणका लागि पनि प्रतिवद्ध छौं । यसैका लागि हामी संगठित छौं । संगठन चाहिएको छ । त्यो संगठन नै नेपाल शिक्षा तथा सांस्कृतिक केन्द्र हो । यसलाई संरक्षण र विकास गर्नुछ । यसैको माधध्यमबाट अमेरिकालाई नेपाल चिनाउनु छ । सबैको ध्यान यसमा केन्द्रित गर्नु छ ।

Nepal Education and Cultural Center (NECC)
(Pashupati-Buddha Mandir)
20520 Beallsville Rd, Beallsville, MD 20839
Pandit: Shridhar Gyawali, Phone: (240)486-0937
Established: September 30, 2000
(A Tax-Exempt Organization of Metropolitan Washington, D.C. Area)

***NECC BULLETIN*** YEAR-1 ISSUE-4 April 2015

## Nepal Education and Cultural Center

### Statement of Financial Position

| | 12/31/2014<br>Amount ($) | 3/31/2015<br>Amount ($) |
|---|---|---|
| **Assets:** | | |
| Cash and Cash Equivalents | 17,632 | 30,701 |
| Accounts Receivable | - | 37,026 |
| Land | 348,219 | 348,219 |
| Building and Improvements | 375,560 | 375,560 |
| Less: Accumulated Depreciation | (10,605) | (13,257) |
| **Total Assets** | **730,806** | **778,250** |
| **Liabilities and Net Assets:** | | |
| Liabilities | | |
| Accounts Payable | 8,257 | 8,980 |
| Promissory Notes Payable | 80,000 | 80,000 |
| Total Liabilities | 88,257 | 88,980 |
| Net Assets | | |
| Unrestricted | 17,632 | 67,727 |
| Permanently Restricted | 624,917 | 621,543 |
| Total Net Assets | 642,549 | 689,270 |
| **Total Liabilities and Net Assets** | **730,806** | **778,250** |

Note:
Statement of Financial Position as of 3.31.2015 is prepared based on the bank statements and available accounting information.

# केन्द्रलाई मर्सिडिच दान

वासिंटन डिसी

पशुपति बुद्ध मन्दिरका लागि विभिन्न संरचना निर्माणमा संलग्न नेपाल शिक्षा तथा संस्कृति केन्द्र(एनइसीसी)मर्सिडिच बेन्चकार प्राप्त भएको छ ।

भर्जिनियाको भियाना निवासी डा. माणिकलाल श्रेष्ठ र राजश्री श्रेष्ठले उक्त कार दान गर्नु भएको हो । डा. श्रेष्ठले कारको टाइटल बुक र साँचो हालै एनइसीसीलाई हस्तान्तरण गर्नु भएको थियो ।

केन्द्रलाई उक्त कार हाल उपयोगमा नआउने भएकाले कार बिक्री गरेर यसबाट प्राप्त रकम मन्दिरको थप संचना निर्माण र मर्मत संभारमा खर्च गरिने महासचिब नेत्र घिसिंगद्धारा जारी विज्ञप्तिमा जनाइएको छ । कार सम्बन्धी थप विबरणमा 2004 Mercedes benz black sedan/c320 and 100 k plus miles लेखिएको छ । कार हाल भर्जिनियाको हर्नडनमा पार्क गरिएको छ । एनइसीसीले कार दाता श्रेष्ठ दम्पतिलाई हार्दिक धन्यवाद प्रदान गरेको छ ।

# केन्द्रको पार्किङलट ग्राभेल गरिने

मेरिल्याण्डको विल्सभिलस्थित नेपाल शिक्षा तथा साँस्कृतिक केन्द्र(एनइसीसी)को परिसरमा तत्कालका लागि पार्किङ्गलट ग्राभेलिङ्ग गरिने भएको छ । हलुका बर्षामा समेत गाडी पार्क गर्न कठिन भए पछि गत महिना योजना बनाइएको थियो । सो का लागि एनइसीसीका अग्रज सदस्यहरुले आफ्नो खल्तीबाट एक सय डलर दिंदै चन्दा संकलन जारी राख्न सुझाएका थिए । गैरआवासीय नेपाली संघको गत महिना मेरिल्याण्डमा आयोजित सम्मेलनका सहभागीहरुले केन्द्रको अवलोकन भ्रमण गरेताका नै पार्किङ्गलट निर्माण गर्ने सुझावहरु आएका थिए । सो दिन सोह्र सय डलर चन्दा संकलन भएको थियो ।

पशुपति बुद्ध मन्दिरलगायत केन्द्रको परिसर क्षेत्रमा निर्माण हुने संरचनाहरु सम्बन्धी अध्ययन भइरहेको हुँदा अहिलेलाई तत्कालिन आबश्यकता पुरा गर्ने हिसाबले मात्र पाकिङ्गलट ग्राभेल गरिने केन्द्रले जनाएको छ । हाललाई विल्सभिल रोडबाट मन्दिर तर्फ जाने बाटोको दाया बाया ग्राभेल गरी गरिब ४०-५० वटा गाडी पार्क गर्न सकिने बताइएको छ ।

नेपाल शिक्षा तथा साँस्कृतिक केन्दको मासिक प्रकाशन एनइसीसी बुलेटिन तपाईंलाई कस्तो लाग्यो? तपाईंका सल्लाह, सुझाव र प्रतिक्रिया दिएर हामीलाई सहयोग गर्नुहोला त्यसका लागि bishnusheetal@gmail.com मा संचार संयोजक **विष्णु शीतल**लाई सूचित गरिदिनुहुन विशेष आग्रह छ ।

Nepal Education and Cultural Center (NECC)
(Pashupati-Buddha Mandir)
20520 Beallsville Rd. Beallsville, MD 20839
Pandit: Shridhar Gyawali, Phone: (240)486-0937
Established: September 30, 2000
(A Tax-Exempt Organization of Metropolitan Washington, D.C. Area)

**NECC BULLETIN** YEAR-1 ISSUE-4 April 2015

**केन्द्रका लागि उत्साह ………**

थप दाताहरुलाई प्रोत्साहित गर्ने र कोषध्याक्ष लक्ष्मण प्रधानबाट परियोजना सफल बनाउन सहयोग लिने बारे छलफल र निर्णय भएको थियो ।

बैठकले केन्द्रलाई मर्सिडिच बेञ्च दान गर्ने डा. मणिकलाल श्रेष्ठ र राजश्री श्रेष्ठलाई धन्यावाद ज्ञापन गरेको थियो । उक्त कार विक्रिका लागि सार्वजनिक सूचना जारी गर्ने निर्णय गरेको थियो ।

कोषाध्यक्ष लक्ष्मण प्रधानले डलर ए डे मा ८६ जनाको सहभागीता पुगेको बैठकलाई जानकारी दिनुभयो । उहांले यस वर्षको प्रथम त्रैमासिकमा ५८ हजार ९४ डलर आम्दानी भएको र ११ हजार ३ सय ७१ डलर खर्च भएको जानकारी दिनुभएको थियो । शान्ति यज्ञबाट उत्साहजनक आम्दानी प्राप्त भएको थियो । ३७ हजार २६ डलर उठ्न बांकी छ भने ३० हजार ७ सय डलर संस्थाको खातामा नगद मौज्दात छ । कोष वृद्धिका लागि परशुराम भण्डारी र प्रसन्न संग्रौलाले कोषाध्यक्ष प्रधानलाई सहयोग गर्नुहुने छ ।

बैठकले दाताहरुको सम्मानमा एउटा समारोह आयोजना गर्ने, सो अवसरमा दाताहरु तथा सवयम् सेवकहरुलाई प्रमाणपत्र प्रदान गर्ने निर्णय गरियो ।

आगामी तीन चार तारिक परेको बुद्ध जयन्ती कार्यक्रम सम्पन्न गर्न उपाध्यक्ष सरोज प्रजापति, आनन्दु लामा, ध्रुव गिरी, बुद्ध महर्जन, र प्रवीण ताम्राकारलाई बैठकले जिम्मेवारी दिएको छ ।

कृष्ण निरौला, खिलेन्द्र न्यौपाने, रामलाल श्रेष्ठ र उमेश निरौलाले इन्जिनियरहरु राम प्रधान, सुरेश बराल र आबेसंग समन्वय गरी भावी संरचना हरुको नक्सा तयार गर्ने जिम्मेवारी पाउनु भएको छ ।

परशुराम तिमिल्सिना, विष्णु शीतल र प्रवीण ताम्राकारले स्मारिका नमस्तेको तयारी सम्बन्धी विवरण दिनुभयो । यसको तयारी अन्तिम चरणमा पुगेको छ । परशुराम भण्डारी ले नमस्तेको एक हजार कपी रंगीन छपाइ गर्ने बन्दोबस्त गर्नुभएको जानकारी बैठकलाइ दिइयो । बैठकले भण्डारी र नमस्ते टोली लाई व्यवस्थापनका लागि धन्यावाद प्रदान गरेको छ । नमस्ते मे ३१ तारिकभित्र पाठकका हातमा उपलब्ध हुने भएको छ ।

बैठकले मधु भण्डारी, कृष्ण प्रजापति, प्रवीण ताम्राकार, नेत्र घिसिङ, गोपाल रायमाझी, उमेश निरौला, सरोज प्रजापति, बन्दना कोइराला, ध्रुव गिरी, प्रविशा भण्डारी लगायतका स्वम्सेवकहरुलाई पुस्तकालय सेटिङ, पार्किङलटको नाप जांच र सर सफाइका लागि धन्यवाद ज्ञापन गरेको छ ।

खिलेन्द्र न्यौपाने र सरोज प्रजापतिलाई बैठकले वेभसाइट निर्माणको लागि पहल गर्ने र चांडै नै केन्द्रको आवश्यकता अनुरुपको वेभसाइट निर्माण गर्न निर्देशन दिएको छ ।

राजन अधिकारी, मधु भण्डारी र आनन्दु लामालाई कम्प्युटरको मनिटर ल्याइ जडान गरेकोमा धन्यबाद दिएको छ । विष्णु शीतल, अञ्जय नेपाल, मधु भण्डारीलाई बुलेटिन प्रकाशित गरी केन्द्रका शान्ति यज्ञ लगायत गतिविधि सार्वजनिक गर्न सहयोग गरेकोमा धन्यबाद दिएको छ ।

नमस्ते र बुलेटिनमा प्रकाशित गर्न डलर ए डेका दाताह, ट्रष्टि र अन्य दाताहरुको नामावली तयार गर्न लक्ष्मण प्रधानलाई सहयोग पुऱ्याउनका लागि सबैसंग आव्हान गरिएको छ ।

## Donation Received Car For Sale



**2004 Mercedes Benz Sedan**

**Model: C320**
**Color: Black**
**Mileages: 100K +**
**Condition: Excellent**

The cash proceeds of this sale will be used to renovation of Mandir/ Community Hall.

Anyone interested to see/buy the car, please contact **NECC General Secretary Netra Ghising @ 703 597 4098**. Currently, car is parked in Herndon, VA.

Nepal Education and Cultural Center (NECC)
(Pashupati-Buddha Mandir)
20520 Beallsville Rd, Beallsville, MD 20839
Pandit: Shridhar Gyawali, Phone: (240)486-0937
Established: September 30, 2000
(A Tax-Exempt Organization of Metropolitan Washington, D.C. Area)

**_NECC BULLETIN_** YEAR-1 ISSUE-4 April 2015

# DOLLAR-A-DAY DONARS in 2015 ($365/Year)

| | |
|---|---|
| 1 | Anandu Lama |
| 2 | Ankus Nepal |
| 3 | Bishnu & Saraswati Sheetal |
| 4 | Bishnu Thapa |
| 5 | Bishu & Saraswati Paudel |
| 6 | Bishu Deurali |
| 7 | Bishwa RajThapa |
| 8 | Buddha & Ganga Maharjan |
| 9 | Chetnath Bhandari |
| 10 | Deepak Bishwokarma |
| 11 | Devi & Binu Basnet |
| 12 | Dhurba & Amrita Giri |
| 13 | Dipesh & Rijina Rajbhandari |
| 14 | Dr. Amar & Meena Giri |
| 15 | Dr. Ambika Adhikari |
| 16 | Dr. Hari HSharma |
| 17 | DR Shashi B & Mrs Maureen Upadhya |
| 18 | Dr. Shyam & Indira Karki |
| 19 | Dr. Sukha Dev & Vijaya Shah |
| 20 | Gambhir Chhetri |
| 21 | Ganesh Lal & Hari Baba Kayastha |
| 22 | Gopal & Shashi Rayamajhi |
| 23 | Hari K. & Sarita Sharma |
| 24 | Janak &Urmila Adhikari |
| 25 | Kabindra Sitaula |
| 26 | Khilendra & Shanti Neupane |
| 27 | Krishna & Bandana Dahal |
| 28 | Krishna & Gita Shrestha |
| 29 | Krishna & Meena Parajuli |
| 30 | Krishna & Pawan Khanal |
| 31 | Krishna & Radha Paudel |
| 32 | Krishna & Rita Nirola |
| 33 | Krishna & Saroj Prajapati |
| 34 | Krishna Pokharel |
| 35 | Lal Thapa |
| 36 | Laxman & Sarita Pradhan |
| 37 | Lok Nath & Shanti Tiwari |
| 38 | Madhu & Yashoda Bhandari |
| 39 | Maheswor Baidhya |
| 40 | Makar & Bishu Rayamajhi |
| 41 | Nabin & Sarala Nepal |
| 42 | Nabraj Gurung |
| 43 | Nagendra Paudel |
| 44 | Nani & Magan Shrestha |
| 45 | Narayan Kharel |
| 46 | Narayan & Kamala Thapa |
| 47 | Netra & Saroj Ghising |
| 48 | Nir Bahadur & Sunita Chauhan |
| 49 | Padam Bishwokarma |
| 50 | Pancha & Shanti Shrestha |
| 51 | Parashu Timalsina & Gauri Gajurel |
| 52 | Parshu Ram & Yashoda Bhandari |
| 53 | Prabin & Rohini Banepali |
| 54 | Prabodh & Sheila Shrestha |
| 55 | Pradeep &Kristi Prajapati |
| 56 | Pradeep Dhakal & Sushma Bhandari |
| 57 | Prashanna Sangroula & Sushila Dangal |
| 58 | Pravin Tamrakar |
| 59 | Prem & Manju Sangraula |
| 60 | Purandar Ghimire |
| 61 | Rajan & Deepa Adhikari |
| 62 | Rajan &Anusha Basnyat |
| 63 | Rajendra & Binita Rimal |
| 64 | Rajendra Chhetri |
| 65 | Rajiv & Anuja Panta |
| 66 | Raju & Shilu Joshee |
| 67 | Ram & Bishnu Malakar |
| 68 | Ram & Kabita Pradhan |
| 69 | Ram & Nilu Kharel |
| 70 | Ram Chandra & Shova D Bhattarai |
| 71 | Ram Lal Shrestha |
| 72 | Ramji & Durga Prajapati |
| 73 | Rita & Chandra Tuladhar |
| 74 | Sarala Shrestha |
| 75 | Sarita Dongol |
| 76 | Saroj Khanal |
| 77 | Shanta & Rima Katwal |
| 78 | Shishir & Rita Upadhyaya |
| 79 | Shiva &Sarita Bhandari |
| 80 | Suman & Diya Pradhan |
| 81 | Sundar & Sabira Rajbhandari |
| 82 | Sunil & Sunita Chaudhary |
| 83 | Sushil Neupane |
| 84 | Tulasi & Binita Paudel |
| 85 | Umesh & Apsara Kattel |
| 86 | Umesh & Gurash Niroula |